## अनुसूची ५

# क्रिया–प्रतिक्रिया

मानव अधिकार संरक्षण विश्वव्यापी चासोको विषय हो। मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा विभिन्न निकाय एवं संयन्त्रले आ–आफ्नो किसिमले भूमिका निर्वाह गरेको पाइन्छ । नेपालमा मानव अधिकारको संरक्षण गर्ने/गराउने र सो सम्बन्धमा जनचेतना जगाउने काममा इन्सेकद्वारा प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तकले समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

**अमृतबहादुर बस्नेत**
न्यायाधीश, जिल्ला अदालत, झापा

मानव अधिकारको क्षेत्रमा इन्सेकबाट भए/गरेका कार्य प्रशंसनीय छ। घटनाका विषयमा कुनै पनि पूर्वाग्रह नराखी निष्पक्षरूपमा आफ्ना प्रतिवेदन बनाउन र जनतासमक्ष सत्य तथ्य कुरा पुऱ्याउन यस संस्थामा कार्यरत सम्पूर्णलाई प्रेरणा मिलोस्।

**महेन्द्रकुमार श्रेष्ठ**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, झापा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन गर्न मानव अधिकार अवस्थाबारे चित्रण गरेको छ । मानव अधिकारको क्षेत्र संवेदनशील र गम्भीर भएकाले सरोकारवालाले निरन्तर अध्ययन, अनुसन्धान, समन्वय र सहकार्यका साथ परिश्रम गर्न जरुरी छ । मानव अधिकार सुनिश्चितताको प्रत्याभूत प्रत्येक नागरिकमा गराउन इन्सेकको भूमिका महत्त्वपूर्ण छ।

**उदयबहादुर राना**, प्रमुख जिल्ला अधिकारी, झापा

वर्ष पुस्तकले महिला, बालबालिकामाथि भएका अधिकार हनन्, मानव हत्या जस्ता घटना साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयमा जिल्ला तहमा पनि बहस गर्ने थलो सिर्जना गरेको छ । इन्सेकले गरेको घटना अभिलेखीकरण, छलफल आदिले सरोकारवालाको ध्यानाकर्षण भएको छ।

**वेदनिधि खनाल**, प्रमुख जिल्ला अधिकारी, सोलुखुम्बु

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालले गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि र




अनुमोदनको निगरानी गर्ने दस्तावेज हो भन्ने लागेको छ । यसले मानव अधिकार महासन्धिका आधारमा नेपालको मानव अधिकारको अवस्थामा चित्रण गर्दै वार्षिकरूपमा पुस्तक प्रकाशन गरेको छ।

**नारायणप्रसाद चिमोरिया**, डिएसपी, जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु

नेपाल मानव अधिकार वर्ष पुस्तकले महिला तथा बाल अधिकारका विषयलाई सूक्ष्म ढङ्गले अभिलेखीकरण गरेको पाएको छु। यस पुस्तकका कारण वर्षौंपछि पीडित पक्षले न्याय पाएका विषयलाई हामीले गम्भीररूपमा हेर्नुपर्छ।

**टङ्कीमाया बस्नेत**, सचिव, महिला मानव अधिकार रक्षक सञ्जाल, सोलुखुम्बु

मानव अधिकार र सामाजिक न्यायका लागि अलग पहिचानसहित क्रियाशील संस्था इन्सेकद्वारा प्रत्येक वर्ष प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तक सबै क्षेत्रका व्यक्तिका लागि महत्त्वपूर्ण स्रोत सामग्री हो । यसले नेपालको मानव अधिकारको अवस्था,

समस्या तथा चुनौती यथार्थपरक ढङ्गले उजागर गर्छ।

**कोषराज न्यौपाने**, प्रमुख सल्लाहकार
मानव अधिकार रक्षक परिषद्, प्रदेश १

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण र संवर्द्धनका निम्ति सचेतना, जागरण र खबरदारीको काम गरेको छ। इन्सेकले प्रकाशन गर्ने यस पुस्तकले मानव अधिकार उल्लङ्घन र हननका सबै घटना समेट्न सकोस्।

**जयराम यादव**
प्रदेश सभा सदस्य तथा संसदीय दलको नेता, सङ्घीय समाजवादी फोरम, प्रदेश १

नेपालको मानव अधिकार अभियानमा इन्सेकले वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकारका विषयलाई दस्तावेजीकरण गर्नुलाई सामान्य अर्थमा लिन सकिन्न। वर्ष पुस्तकले आगामी दिनमा कसरी यस्ता घटना न्यूनीकरण हुन सक्छ भन्ने सवाललाई पनि ध्यान दिन जरुरी छ।

**नरेश पोखरेल**
प्रमुख, जिल्ला समन्वय समिति, मोरङ

नेपाल मानव अधिकार वर्ष पुस्तकले सबै ठाउँ र सबै किसिमका घटना अभिलेखीकरण गरी प्रकाशन गर्दै आएको छ। जसका कारण राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन र ज्यादती घटनाका पीडितलाई न्याय दिलाउन सहयोग पुगेको छ।

**बन्धु पोखरेल**, अध्यक्ष, पत्रकार महासङ्घ, मोरङ

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई अभिलेखीकरण गर्ने पुस्तक मात्र नभई यो मानव अधिकार आन्दोलन तथा अभियानको दस्तावेज पनि हो। इन्सेकले नेपालको मानव अधिकार अवस्थालाई विगत २७ वर्षयता वर्ष पुस्तकमा प्रकाशन गर्दै आएको महत्त्वलाई नेपाल सरकारले बुझ्न जरुरी छ।

**ध्रुवबहादुर खड्का**, प्रमुख जिल्ला अधिकारी, उदयपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले सबैको न्यायका लागि पहल गरेको अनुभव गरेको छु। अझ न्यायिक निकायबाट हुने न्याय सम्पादनको विषयलाई इन्सेकले आफ्ना अभिलेखित घटनामा जाँचपड्ताल गरी तिनको सुरक्षित भण्डारण गरेको छ।

**राजकुमार आचार्य**
स्रेस्तेदार, जिल्ला अदालत, उदयपुर

नेपालको मानव अधिकारका विषयमा इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक जस्तो महत्त्वपूर्ण दस्तावेज मैले अरु पाएको छ। नेपालले अन्तर्राष्ट्रिय स्तरमा अनुमोदन गरेका मानव अधिकार सवालका विषयलाई वर्ष पुस्तकले समेटेको छ।

**वीरबहादुर बुढा मगर**, एसपी, जिल्ला प्रहरी कार्यालय, उदयपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार सुनिश्चितताका लागि गरेको अतुलनीय योगदानलाई हामीले बुझ्न जरुरी छ। अधिकारप्रतिको सजगता र अरुको अधिकारको सम्मान गर्ने संस्कृतिको विकास गर्दै विश्व वन्धुत्व, भाइचारा, सहकार्य र सहअस्तित्व निर्माणमा सबै नागरिकलाई ऐक्यबद्ध बनाउनु हामी सबैको कर्तव्य एवं दायित्व ठानेको छु।

**महेश्वरी राई**, केन्द्रीय सदस्य
गैसस महासङ्घ, उदयपुर

मानव अधिकारको मूल मुद्दा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार बन्नुपर्छ। नेपालको मानव अधिकारको क्षेत्रमा माइक्रो लेभलमा अध्ययन र रिपोर्ट तयार गर्नेमा इन्सेक सबैभन्दा अगाडि देखिएको छ।

**नवीनकिशोर प्रधान**, डिएसपी, जिल्ला प्रहरी कार्यालय तेह्रथुम

नेपालमा मानव अधिकारको अवस्था, यसको विकासक्रम र राज्यले मानव अधिकारप्रति निर्वाह गरेको जवाफदेहिता र भूमिकाबारे अध्ययन गर्ने जोकोहीका लागि पनि महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ वर्ष पुस्तक। यो पुस्तक घटनाको सङ्कलनमात्र होइन। यसले राज्यको जवाफदेहितालाई तिख्खर बनाउन पेचिलो दबाब पनि सिर्जना गरेको छ।

**सञ्जयकुमार तुम्बाहाम्फे**, मेयर, म्याङलुङ नगरपालिका, तेह्रथुम

मानव अधिकार र सामाजिक न्यायका निम्ति क्रियाशील इन्सेकले सन् १९९२ देखि नै नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। घटना, घटनाका प्रकृति र अपराधका स्वरूपहरूको विस्तृत अध्ययन गर्नसमेत वर्ष पुस्तक सफल छ।

**विष्णु राई**, सचिव, महिला मानव अधिकार रक्षक सञ्जाल, तेह्रथुम

इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक नेपालको ऐना हो। यद्यपि बलात्कार तथा यौन दुर्व्यवहारका विषय बढी हुन्छन्। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषय कम भए।

**चन्द्र पन्दाक**, का.अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, ताप्लेजुङ

इन्सेकको नेपाल मानव अधिकार वर्ष पुस्तकमा समेटिएका घटना सत्य र तथ्यमा आधारित छन्। तसर्थ यसको महत्त्व र विश्वसनीयता छ।

**बलराम भट्टराई**, सचिव, कानुन व्यवसायी तथा जिल्ला बार एकाइ, ताप्लेजुङ

नेपालको सन्दर्भमा इन्सेक परिचित संस्था हो। इन्सेकले खासगरी सशस्त्र द्वन्द्वको समयमा मानव अधिकारको क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय छ।

**खड्गविक्रम सुवेदी**, मानव अधिकारकर्मी, ताप्लेजुङ

इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको अवस्था झल्काएको छ। प्राथमिक स्रोतको प्रयोगमार्फत तथ्य/तथ्याङ्क सङ्कलन र गहन अध्ययन तथा विश्लेषणले पुस्तक पठनीय एवं सङ्ग्रहयोग्य बनाएको छ।

**लवदेव ढुङ्गाना**, अध्यक्ष
नेपाल पत्रकार महासङ्घ, पाँचथर

नेपाल मानव अधिकार वर्ष पुस्तकले समग्र जिल्लाको मानव अधिकारको अवस्था झल्काउँछ। इन्सेकको अभिलेख निकै तथ्य खोजेर गरिने भएकाले यसलाई मानव अधिकारको आँखीझ्यालका रूपमा लिन सकिन्छ।

**तुलसीप्रसाद भट्टराई**, सहायक प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा

इन्सेकको अभिलेखमा गाउँ तहसम्मका सबैखाले हिंसाका घटना राखेमा आरोपितलाई कारबाही गराउन सहज हुन्छ। पीडितको आर्थिक अवस्था कमजोर भएको अवस्थामा न्याय दिलाउन कठिन भएकाले आर्थिक सहायता उपलब्ध गराउन सहयोग गर्नुपर्छ।

**सुन्तला परियार**, सदस्य, जिल्ला समन्वय समिति, ओखलढुङ्गा

बाल अधिकारका क्षेत्रमा समस्या धेरै छन्। बाल श्रम होटल तथा पसलहरूमा देखिन्छ। त्यस्ता विषयमा इन्सेकले पैरवी प्रभावकारी बनाउनुपर्छ।

**नेत्रप्रसाद भट्टराई**, नेता, नेकपा, ओखलढुङ्गा

शिक्षा, स्वास्थ्य जस्ता अधिकार परिपूर्तिमा चुनौती छन्। कानुन बने पनि कार्यान्वयन हुन सकेको छैन। यस्ता विषयमा वकालत र पैरवी गर्नुपर्छ। हत्या/बलात्कारका घटना अभिलेखले मात्रै पुग्दैन।

**सुमन राजभण्डारी**, सभापति, नेपाल रेडक्रस सोसाइटी, ओखलढुङ्गा

यातायात क्षेत्रमा ज्येष्ठ नागरिकलाई दिइनुपर्ने छूट नपाएको अवस्था छ। ज्येष्ठ नागरिकका सवाल इन्सेकले प्राथमिकता दिएर अभिलेखीकरण गर्नुपर्छ।

**जीवन शर्मा** अध्यक्ष, ज्येष्ठ नागरिक सङ्घ, ओखलढुङ्गा

समानताप्रतिको सम्मान र यसको प्राप्तिमा मानवको चाहना सदासर्वदा रहिरहन्छ। यही चाहना नै वास्तवमा मानव अधिकार हो। यसै सन्दर्भमा इन्सेकले सप्तरीमा भएका मानव अधिकार उल्लङ्घनका घटना प्रकाशन गर्न गरेको प्रयास सराहनीय छ।

**चन्द्रमणि ज्ञवाली**, न्यायाधीश, जिल्ला अदालत, सप्तरी

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक एक महत्त्वपूर्ण दस्तावेजका साथै मानव अधिकारको सूचक हो। हामी सबै सरोकारवाला निकायलाई मानव अधिकार सम्बन्धमा प्रत्याभूत गराउन यस पुस्तकले थप सशक्त बनाउनेछ।

**कृष्ण प्रसाई**
एसपी, जिल्ला प्रहरी कार्यालय, सप्तरी

मानव अधिकार वर्ष पुस्तक वर्षभरको सत्य तथ्य मानव अधिकार उल्लङ्घनका सबै प्रकारका घटनाको एउटा दस्तावेज हो। घरेलु हिंसाका कारण आत्महत्या बढेका छन्। यसबारे सूक्ष्म अनुसन्धान जरुरी छ।

**अनिता देवकोटा**, संयोजक, एकल महिला समूह, प्रदेश नम्बर २ तथा
अध्यक्ष, महिला मानव अधिकार रक्षक सञ्जाल, सप्तरी

कठिनभन्दा कठिन परिस्थितिमा पनि मानव अधिकार उल्लङ्घनका घटनालाई यथार्थ चित्रण गरी मानव अधिकार वर्ष पुस्तक निरन्तररूपमा प्रकाशन हुँदै आएको छ। देशको बदलिँदो परिस्थितिमा मानव अधिकारको क्षेत्रलाई अझै फराकिलो बनाउनुपर्छ।

**डोमन साह**, अध्यक्ष, जिल्ला बार एकाइ, सप्तरी

देशभित्र भएका मानव अधिकार उल्लङ्घनका घटना समेटेर प्रकाशन हुने भएकाले इन्सेकले वार्षिकरूपमा प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकलाई चासोका साथ हेर्ने गरिन्छ। जिम्मेवार ओहोदामा रहनेलाई मानव अधिकार उल्लङ्घनकर्तामा आ नो नाम पर्ला भनेर डराउने अवस्था सिर्जना गर्न यसले मद्दत गरेको छ।

**गोपालकुमार अधिकारी**
प्रमुख जिल्ला अधिकारी, सिरहा

मानव अधिकारका क्षेत्रमा अनवरतरूपमा कार्य गर्दै आएको स्वतन्त्र, निष्पक्ष तथा प्रभावकारी संस्था इन्सेकले हाम्रो समाजमा भएका मानव अधिकार उल्लङ्घनका घटना उजागर गर्नुका साथै कानुनी शासनको प्रत्याभूति दिलाउन खेलेको भूमिका सराहनीय छ।

**उमाप्रसाद चतुर्वेदी**
एसपी, जिल्ला प्रहरी कार्यालय, सिरहा

नेपाल मानव वर्ष पुस्तक हरेक वर्ष प्रकाशित हुने क्रमले मुलकको राष्ट्रिय मानव अधिकारको सवालमा वास्तविक अवस्था चित्रण गर्छ। धनुषाको सन्दर्भमा पनि यस वर्ष पुस्तकमा राम्रा र नराम्रा दुवै पक्ष समेटिने मैले अपेक्षा गरेको छु।

**प्रदीपराज कँडेल**, प्रमुख जिल्ला अधिकारी, धनुषा

देशभर भएका घटना समेटेर इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको वर्ष पुस्तक मानव अधिकारको क्षेत्रमा निकै राम्रो दस्तावेज हो। यस वर्ष पुस्तकमा न्याय सम्पादनका कुराका साथै राज्य र गैरराज्यपक्षबाट भएका घटना आउन सकून्।

**हिरण्यप्रसाद भण्डारी**, उपरजिस्टार, उच्च अदालत
जनकपुरधाम, धनुषा

इन्सेकले प्रत्येक वर्ष गाउँ/गाउँका घटना सङ्कलन गरेर वर्ष पुस्तक तयार गर्नु सुखद पक्ष हो। मानव अधिकार उल्लङ्घनका घटनाबारे घटनास्थलमै जिल्ला प्रतिनिधिहरू गएर सूचना सङ्कलन गर्नु सराहनीय पक्ष हो।

**रामनेक साह**
अध्यक्ष, नेपाल बार एशोसिएशन, धनुषा

इन्सेकले बर्सेनि मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूको अभिलेखीकरण गर्दै आउनु राम्रो पक्ष हो। यसका तथ्याङ्क अरु निकायका तथ्याङ्कसँग पनि मेल खायो भने सर्वसाधारणलाई अन्योलमा पर्नुपर्देन।

**रोजलिनसिंह बछार**
कार्यालय प्रमुख, ओरेक नेपाल, धनुषा

मानव अधिकार उल्लङ्घनका सवाल राखेर बर्सेनि पुस्तक तयार पार्ने इन्सेक नेपालकै पहिलो र एकमात्र संस्था हो। स्थलगत रिपोर्टिङका आधारमा उल्लङ्घनका घटना तयार पारेर छाप्नु यस पुस्तकको राम्रो पक्ष हो।

**राजकुमार महासेठ**
अधिवक्ता एवम् प्रदेश २ संयोजक,
एड्भोकेसी फोरम नेपाल, धनुषा

देशभरमा एक वर्षभित्र भएका मानव अधिकार उल्लङ्घनका घटनाका साथै सामाजिक, सांस्कृतिक र आर्थिक सरोकारका विषयमा समेत वर्ष पुस्तकले ध्यान पुऱ्याउनु राम्रो पक्ष हो। यही कारण हामीले पनि नियमितरूपमा वर्ष पुस्तक पढ्ने गरेका छौँ।

**रामचन्द्र मण्डल**
प्रदेश सभा सदस्य, प्रदेश २, नेकपा

मानव अधिकारको क्षेत्रमा यस्ता प्रकारका घटनाको अभिलेखीकरण गर्ने पहिलो र एकमात्र संस्था भएकाले इन्सेके धन्यवादको पात्र पनि हो। यसलाई निरन्तरता दिनुपर्छ।

**उदयकुमार बरवरिया**, मेयर, शहीदनगर
नगरपालिका, धनुषा

विगतका अप्ठ्यारा दिन सम्झना आउँछन्। राज्यपक्ष होस् कि कुनै विद्रोही पक्षको तारो बनेका व्यक्तिका लागि इन्सेक आशाको दियो हुने गर्थ्यो। थुप्रै यस्ता घटना भए। देखिएका पनि छन्। मानव अधिकार हननका कुरा उधिन्ने र सम्बन्धित पक्षलाई सचेत गराउने इन्सेकमात्र देखिन्थ्यो। वर्ष पुस्तकको कुरा आउँदा यस्तै घटनाको याद झल्झल्ती आइरहेको छ।

**गोपाल बराल**, केन्द्रीय सभासद, पत्रकार महासंघ

तत्कालीन सामाजिक परिवेश र आपराधिक वस्तुस्थितिको दस्तावेज तयार गरिनु महत्त्वपूर्ण कार्य हो। यसले राज्य र गैरराज्य पक्षबाट भएका कमी/कमजोरी समीक्षा गर्न मद्दत गर्छ। इन्सेकले निकाल्दै आएको वर्ष पुस्तकले पनि यही काम गर्दै आएको छ। जसलाई थप सशक्त तुल्याउनुपर्छ।

**राकेशप्रसाद चौधरी**, सल्लाहकार
नेपाल पत्रकार महासङ्घ, महोत्तरी

जिल्लाभरमा मानव अधिकार उल्लङ्घन, ज्यादती, विभेद, महिला हिंसा तथा अपहरण जस्ता घटना हुन नदिनका लागि जिल्लामा जनप्रतिनिधि, पत्रकार तथा मानव अधिकारकर्मीबीच कमिटी गठन गर्ने व्यवस्था इन्सेकले मिलाइदिनुपर्छ। साथै यसबारे तालिम पनि दिनुपर्छ।

**मेथुर चौधरी**
सभापति, जिल्ला समन्वय समिति, सर्लाही

जिल्लाका स्वास्थ्य तथा शिक्षा, हिंसामा पर्ने बालबालिका र कारागारका समस्यालाई इन्सेकले वर्ष पुस्तकमा उजागर गर्नुपर्छ। घटनाको सत्य तथ्य बाहिर ल्याउन सकिएमात्र पीडितले न्याय पाउँछ।

**मोहनबहादुर जिसी**प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, सर्लाही

मानव अधिकार हननका घटना अभिलेख गरी मानव अधिकार वर्ष पुस्तकमा समेटेर प्रत्येक वर्ष सार्वजनिक गर्नु महत्त्वपूर्ण कार्य हो। अब शिक्षा, स्वास्थ्य अधिकारबारे यस जिल्लामा काम पनि गर्नुपर्‍यो।

**विश्वमणि पोखरेल**
एसपी, जिल्ला प्रहरी कार्यालय, सर्लाही

वर्तमान सन्दर्भमा मानव अधिकारको क्षेत्र व्यापक बनेको छ। हिजोका दिनमा व्यक्तिमाथि राज्य संयन्त्रले दमन वा अमानवीय व्यवहार गरेका विषय मात्रै मानव अधिकार हननका विषय हुन्थे भने अहिले एक व्यक्तिले अर्को व्यक्तिविरुद्ध गरेका व्यवहार पनि यसमा पर्छ। अब घटनामात्र नदिएर पुस्तकले सिफारिससमेत गरिदिए राम्रो हुन्थ्यो भन्ने लाग्छ।

**फणिन्द्रमणि पोखरेल**
प्रमुख जिल्ला अधिकारी, बारा

मानव अधिकार वर्ष पुस्तकले घटनाका विषयमा आमनागरिकलाई जानकारी गराउने भएकाले चेतनामूलकसमेत हुने गरेको छ। महत्त्वपूर्ण दस्तावेज अति संवेदनशील हुने भएकाले त्रुटि हुन नदिनेतर्फ सचेत हुन जरुरी छ।

**विकासराज खनाल**
एसपी, जिल्ला प्रहरी कार्यालय, बारा

मानव अधिकार उल्लङ्घन घटनाका उजुरी, प्रहरी/प्रशासनमा दर्ता र प्रक्रियाका विषयमा यस पुस्तकमा भएका सूचना अत्यन्तै खोजमूलक र अनुसन्धानमूलक भएको मैले महसुस गरेको छु। राज्यका निकाय र जिम्मेवार अधिकारीलाई मानव अधिकार संरक्षण गर्न अझ बढी झक्झकाउने कार्य गरेको छ यसले।

**राजेशराय यादव**, प्रमुख, कलैया
उपमहानगरपालिका, बारा

नेपालमा मानव अधिकार क्षेत्रमा स्थापित संस्था इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ ले मानव अधिकार उल्लङ्घनका घटनाका पीडितलाई न्याय दिलाउन, आरोपितलाई दण्डित गर्नमात्र नभई आमनागरिकलाई सचेत पार्ने काम गरेको छ। यस्तो पुस्तक आगामी दिनमा समयानुकूल परिस्कृत हुनुपर्छ।

**बाबुलाल तामाङ**, रेडक्रस सभापति तथा अध्यक्ष,
रसुवा नागरिक समाज

इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तकले जिल्लाको मानव अधिकारको अवस्था र आगामी दिनमा गर्नुपर्ने कार्यको कार्ययोजना बनाउन मद्दत गर्छ। रसुवा कारागारको अवस्था सुधार भएको छ। त्यसैले यो पुस्तकलाई सबैको पहुँचयोग्य बनाउनुपर्छ।

**अर्जुन भण्डारी**, प्रमुख जिल्ला अधिकारी, जिल्ला
प्रशासन कार्यालय, रसुवा

मानव अधिकार वर्ष पुस्तकमा समेटिएका घटना अध्ययन गर्न पाउँदा खुसी लाग्यो। पुस्तकले आमनागरिकलाई मानव अधिकारको सूचना दिनु निकै राम्रो काम हो।

**ज्ञानेन्द्रनाथ न्यौपाने**, पत्रकार तथा अध्यक्ष मानव
अधिकार संरक्षण मञ्च, रसुवा

देशभरका मानव अधिकार विरोधी घटना समेटेर नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश भएको छ। नेपालमा मानव अधिकारको पर्यायवाची नाम इन्सेकले गरेको यो काम निकै स्वागतयोग्य छ। पुस्तकमा प्रकाशित सामग्री जहाँ जसले पनि सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सक्नेछन्।

**विश्वास नेपाली**, कोषाध्यक्ष, मानव अधिकार तथा
सामुदायिक विकास स्रोत केन्द्र, धैबुङ–५, रसुवा

इन्सेकले लगातार २५ वर्षदेखि नियमितरूपमा प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको अवस्था चित्रण गरेको छ। राज्यले गर्नुपर्ने यो काम इन्सेकको जनशक्ति र साधन स्रोतले निरन्तर प्रकाशन गरेकामा इन्सेक धन्यवादको पात्र छ।

**प्रताप बिष्ट**, अध्यक्ष, नेपाल पत्रकार महासङ्घ,
बागमती प्रदेश

वर्ष पुस्तक निकाल्ने इन्सेकको प्रयास सराहनीय छ। यसले राज्यका हरेक निकायलाई मानव अधिकार पालना र संवर्द्धनमा समेत सचेत बनाएको छ।

**सुशीलसिं राठौर**
एसपी, जिल्ला प्रहरी कार्यालय, मकवानपुर

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारसँग सम्बन्धित समग्र विषयवस्तु समेटेको पाइन्छ। सम्बन्धित विषयका ज्ञाताद्वारा तयार पारिने भएकाले यो पुस्तकले कुनै संस्था वा व्यक्तिविशेषको मनोबल गिराउने काम गरेको पाइँदैन।

**मदनकुमार दाहाल**, अधिवक्ता
पूर्वअध्यक्ष, पुनरावेदन बार एशोसिएशन, मकवानपुर

इन्सेककले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नेपालको

मानव अधिकार अवस्थाको झल्को दिने एक महत्त्वपूर्ण दस्तावेज हो । इन्सेकका जिल्ला प्रतिनिधिहरूले जिल्लामा बसेर गर्ने मानव अधिकार अवस्थाको अभिलेखीकरण, वकालतले राज्यका निकायहरूलाई समेत खबरदारी गर्छ।

**नारायणप्रसाद भट्ट**
प्रमुख जिल्ला अधिकारी, मकवानपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको दृष्टिकोणले एक विश्वसनीय दस्तावेज हो । गैरसरकारी क्षेत्रमा मानव अधिकारको संरक्षण र संवर्द्धन तथा वकालत र बहस गर्ने संस्थाका रूपमा इन्सेकको भूमिका महत्त्वपूर्ण पाएको छु । मानव अधिकारमा सरोकार राख्ने निकायले मानव अधिकारको विषयमा कुरा गर्दा इन्सेकको वर्ष पुस्तकले के भन्छ ? भनी चासो व्यक्त गर्छन्।

**मुनु सिग्देल**, सांसद, बागमती प्रदेश

नेपालको सर्न्दभमा मानव अधिकार वर्ष पुस्तकको महत्त्व धेरै छ। मानव अधिकारका हरेक घटनालाई दस्तावेजका रूपमा राखेको छ। पुस्तकले मानव अधिकारका क्षेत्रमा समस्या, चुनौती र समाधानका उपाय पनि जानकारी गराउँछ।

**आरती पाठक**, संयोजक
मानव अधिकार संरक्षण तथा मानव
बेचबिखनविरुद्धको जिल्ला सञ्जाल, मकवानपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको क्षेत्रमा मात्र काम गर्नेको मात्र नभई सरकारको समेत ध्यान जाने पुस्तक हो। इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको घटनाको एउटा ऐतिहासिक दस्तावेज पनि हो।

**कपिलदेव खनाल**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, नुवाकोट

वर्ष पुस्तक नेपालको मानव अधिकार अवस्थाको वर्षभरिको ऐना हो । यसमार्फत राज्य र गैरराज्य पक्षबाट भएका मानव अधिकार हननको अवस्था थाहा हुन्छ।

**देवराज कँडेल**
अध्यक्ष, नेपाल बार एशोसिएशन, नुवाकोट

इन्सेक नेपालको मानव अधिकार क्षेत्रको अग्रणी संस्था हो । यसले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हननका घटनाको विस्तृत जानकारी दिन्छ । राज्यका मुख्य अङ्गहरूको भूमिकासमेत सङ्क्षेपमा उल्लेख गरिएको प्रस्तुत मानव अधिकार संरक्षण सम्बन्धमा आफैँमा अमूल्य कृति बनेको छ।

**शिवप्रसाद बन्जार**
स्रेस्तेदार, नुवाकोट जिल्ला अदालत

मानव अधिकारको अवस्थाबारे जानकारी, सूचना र तथ्याङ्क दिने आधिकारिक स्रोतका रूपमा इन्सेक वर्ष पुस्तकलाई लिन सकिन्छ। जिल्लाको मानव अधिकार अवस्था के छ भनेर बुझ्नका लागि यो पुस्तक अध्ययन गरे छर्लङ्ग हुन सकिन्छ। मानव अधिकार संरक्षण, प्रवर्द्धन र विस्तारमा इन्सेकको भूमिकालाई कम मान्न सकिन्न।

**हेमन्त रावल**, न्यायाधीश, चितवन जिल्ला अदालत

मानव अधिकारको अवस्थाबारे जानकारी लिनका लागि इन्सेकद्वारा प्रकाशित पुस्तक पठनीय लाग्छ। पुस्तकमा हरेक जिल्लाको मानव अधिकार अवस्था पत्ता लगाउन सकिन्छ । घटनाहरूको अभिलेखीकरण चुनौतीको विषय हुँदाहुँदै पनि निरन्तर हुने गरेकामा धन्यवाद दिन चाहन्छु।

**एकनारायण कोइराला**, प्रहरी नायव उपरीक्षक,
जिल्ला प्रहरी कार्यालय, चितवन

वर्ष पुस्तक अध्ययन गर्दा मानव अधिकारका घटनामा कमी नआएको बुझिन्छ । राजनीतिक सङ्घर्षका कारणले राजनीतिक आस्थाका आधारमा पनि राज्यले मानव अधिकार उल्लङ्घन गर्ने काम गरेको छ। देश विकासमा पनि मानव अधिकारको प्रत्यक्ष सरोकार रहन्छ।

**कृष्णकुमार डल्लाकोटी**
प्रमुख, जिल्ला समन्वय समिति, चितवन

वर्ष पुस्तकका सामग्री आधिकारिक लाग्छ। यो तथ्यहरूमा आधारित छ। मानव अधिकार सर्वव्यापी विषय हो। हाम्रो जस्तो मुलुकमा मानव अधिकारको आधारभूत ज्ञानसमेत नभएका जनता छन्। गाउँगाउँमा मानव अधिकार सचेतनाका कार्यक्रम लैजानु आवश्यक छ।

**नारायण भट्टराई**, प्रमुख जिल्ला अधिकारी, चितवन

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारका लागि इतिहास जस्तै छ। यो अझ राम्रो बनोस् भन्ने अनुरोध छ। मानव अधिकार उल्लङ्घनको विषय मिलापत्र नहुने भएकाले यसतर्फ पुस्तकको ध्यान जान जरुरी छ।

**अर्जुनकुमार शर्मा**
सहायक प्रमुख जिल्ला अधिकारी, धादिङ

वर्तमान कानुन र ऐनले प्रदान गरेका कुरा नागरिकले उपभोग गर्न पाए कि पाएनन् र सहज र छिटोछरितो सेवा पाउन सके/नसकेको विषयमा नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश गरिनुपर्छ।

**कृष्णराज अधिकारी**
उपाध्यक्ष, धादिङ बार एशोसिएशन

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारका हिसाबले जीवन्त इतिहास हो । अबका दिनमा वर्ष पुस्तकले राजनीतिक घटना मात्र नभएर सामूहिक अधिकार हननबारे पनि उल्लेख गर्नुपर्छ।

**राधिका सापकोटा**, महासचिव, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल

वर्ष पुस्तक प्रकाशनले मानव अधिकार कार्यान्वयनकर्तालाई समेत झक्झक्याएको छ। लुकेका अपराध सार्वजनिक भएका छन् । प्रहरीलाई अनुसन्धानका लागि सहयोग पुगेको छ।

**रूपक खड्का**, प्रहरी नायव उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार दस्तावेज भएकाले सङ्ग्रहणीय छ। यसले प्रहरीमा उजुरी नपरेका घटना, एकल महिला, अपाङ्गता भएकाहरू, भूकम्पपीडितको अवस्था र खासगरी महिलाको अवस्था उल्लेख गर्नुपर्छ।

**गायत्री खतिवडा**, **अध्यक्ष**, महिला मानव अधिकर रक्षकहरूको जिल्ला सञ्जाल, धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तकले अपाङ्गता भएका व्यक्तिलाई अपशब्द प्रयोग गरी दुर्व्यवहार गर्ने गरेको, उनीहरूको संरक्षण नभएको, स्थानीय सरकारहरूले सहायक सामग्री उपलब्ध नगराएको, अपाङ्गता परिचयपत्र गाउँबाटै दिने भने पनि विभिन्न बहानामा काठमाडौँ पठाउने गरेको, विद्यालय र सरकारी भवनका साथै सार्वजनिक स्थलहरूसमेत अपाङ्गमैत्री नभएकाबारे उल्लेख गर्नुपर्ने देखिन्छ।

**गुणराज खतिवडा**
अध्यक्ष, अपाङ्ग कल्याण सङ्घ, धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तक साँच्चै मानव अधिकार संरक्षणका लागि सूचनामूलक मात्र नभएर मानव अधिकार संरक्षणका लागिसमेत यसले काम गरेको छ। अबका दिनमा न्यायिक समितिले गरेका काम र त्यहाँ भएका अधिकार हनन पनि समावेश गर्न अनुरोध छ।

**सीतारामप्रसाद बर्मा**
अध्यक्ष, नेपाल मानव अधिकार सङ्गठन, धादिङ

इन्सेकको नेपाल मानव अधिकार वर्ष पुस्तक पठनीय छ। नागरिकको मानव अधिकार संरक्षणमा यो पुस्तक उपयोगीसिद्ध सावित भइसकेको छ।

**औलखबहादुर आले**
सहायक प्रमुख जिल्ला अधिकारी, दोलखा

मुलुकमा भएका मानव अधिकारका घटनालाई एकमुष्टरूपमा प्रकासन गर्ने एकमात्र संस्था इन्सेकले अधिकार र कर्तव्यबारे समेत सुसूचित गराउन सके अझ राम्रो हुने थियो। यस पुस्तकका माध्यमवाट समेत पीडित पक्षले न्याय प्राप्त गर्न सकेका थुप्रै उदाहरण छन्।

**सरोज उप्रेती**
अध्यक्ष, नेपाल बार एशोसिएशन, दोलखा एकाइ

मानव अधिकार संरक्षण गर्न इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले सहयोग गरेको छ। इन्सेकको अभियान नागरिकलाई अझ सचेत बनाउने काममा केन्द्रित होस्।

**जीवन लामा**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, दोलखा

हरेक कुरा विधिमा चल्न आवश्यक छ। हरेक व्यक्ति र संस्था विधिमा चल्नुपर्छ। सबै विधिमा चल्ने हो भने मानव अधिकारको संरक्षण आफैँ संरक्षण हुन्छ। इन्सेकको तथ्याङ्कले मानव अधिकारको हिसाबले कहाँनेर समस्या छ भन्ने पहिचान गर्न सहज भएको छ।

**प्रेमबहादुर खड्का**
प्रमुख, जिल्ला समन्वय समिति, रामेछाप

हरेक नागरिकले अरुको अधिकारको सम्मान गर्ने हो भने मानव अधिकारको त्यसै संरक्षण हुन्छ। मानव अधिकारका लागि यति कुरामा ध्यान दिए हुन्छ । इन्सेकको तथ्याङ्कले पनि यही देखाउँछ। अरुको अधिकारको सम्मान नगर्दा मानव अधिकार उल्लङ्घन भएको छ। हामी आफू अनुशासनमा बस्न चाहँदैनौं तर अरु अनुशासनमा बसिदेओस् भन्ने चाहन्छौं जुन सम्भव छैन। त्यसैले मानव अधिकारविरुद्धका घटना दिनदिनै बढ्दै गएका छन्।

**रमेश बस्नेत**
प्रमुख, मन्थली नगरपालिका, रामेछाप

मानव अधिकारभित्र धेरै कुरा पर्दछन्। हत्या, हिंसाका घटनामात्र यसमा समेटेर पुग्दैन । मानव अधिकारभित्र सम्मानका कुरा छन्। समानताका कुरा छन्। यस हिसाबले हामी धेरै पछाडि छौं। अब मानव अधिकारभित्र यी कुरा पनि उठाउन आवश्यक छ।

**कुमार श्रेष्ठ**
कोषाध्यक्ष, नेपाली कांग्रेस, रामेछाप

यो वर्ष पुस्तक हाम्रो प्रहरी जगतलाई एउटा महत्त्वपूर्ण सूचनाको स्रोत बनेको छ। मानव अधिकारको अवस्थाबारे जानकारी लिनका लागि इन्सेकद्वारा प्रकाशित पुस्तक हरेक प्रहरीले हेर्न जरुरी छ । यो पुस्तकमा मानव अधिकारबारे नेपाल सरकारले राष्ट्रिय, अन्तर्राष्ट्रिय सन्धिहरूले अवलम्बन गर्नुपर्ने प्रावधानहरूबारे उल्लेख गरिएको पाइन्छ। हामी ती सन्धि/महासन्धिबाट पारित भएका नीति/नियम कडाइका साथ लागु गराउने क्षेत्रमा कार्यरत छौँ। त्यसैले हामी मानव अधिकारको रक्षक पनि हौँ।

**रविराज पौड्याल**
प्रमुख, जिल्ला प्रहरी कार्यालय, काभ्रेपलान्चोक

यो मानव अधिकारको क्षेत्रमा अध्ययन गर्न पाउने धेरै राम्रो पुस्तक हो। मलाई यो पुस्तकमा समेटिएका सबै सामग्री आधिकारिक र तथ्यपरक लाग्छ। पुस्तकका सामग्रीहरू तथ्यमा आधारित भएर आएन भने समाजमा भ्रम पैदा हुन्छ। त्यसैले बेलैमा सचेत र सुझबुझपूर्ण तरिकाले पुस्तकका लागि सामग्री छनोट गर्दा विशेष अनुसन्धानमा पनि ध्यान दिनुपर्छ किनकि मानव अधिकार सर्वव्यापी विषय हो।

**श्रवणकुमार तिमिल्सिना**
प्रमुख जिल्ला अधिकारी, काभ्रेपलान्चोक

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत अभिलेख राखी मानव अधिकारको सवालमा निकै महत्त्वपूर्ण काम गर्दै आएको छ। २७ वर्षमा नेपालमा राजनीतिक तथा सामाजिक परिवर्तनका उल्लेखनीय कामहरू भएका छन्। घटना परिघटनाका तथ्यतथ्याङ्क र विश्लेषणको साक्षी वर्ष पुस्तकका अभिलेखले द्वन्द्वपीडितको न्याय र परिपुरणका लागि स्रोत सामग्रीसमेत बनेको मैले अनुभव गरेको छु।

**खड्गबहादुर खत्री**, प्रमुख, कमलामाई नगरपालिका, सिन्धुली

इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तकमा सन् २०१८ मा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा कमी आएको भए पनि महिलामाथि हुने हिंसा बढिरहेको कुरा उल्लेख छ। तीन तहका सरकारले जनताको लागि सामाजिक न्याय र मानव अधिकारमुखी विकास पद्धतिको कार्यलाई जोड दिनुपर्ने लक्ष्य रहेको वर्ष पुस्तकमा उल्लेख छ।

**रुद्रबहादुर खड्का**, अध्यक्ष, मानव अधिकार शिक्षा क्लब (रिलेक नेपाल), सिन्धुली

मानव अधिकार, सामाजिक न्याय र सामाजिक विकासका क्षेत्रमा इन्सेकको योगदान अतुलनीय छ। झण्डै ३ दशकदेखि इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकबाट घटनाको विश्लेषणमात्रै होइन, मुलुकको सामाजिक जीवनको चित्र पनि देख्न सकिन्छ। तथ्याङ्कको विश्लेषण नीति निर्माता तथा सरोकारवाला सबैका लागि महत्त्वपूर्ण हुने देखेको छु।

**रमेशकुमार केसी**
प्रमुख जिल्ला अधिकारी, कास्की

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले समग्र देशको मानव अधिकार अवस्था चित्रित गर्छ। मानव अधिकार वर्ष पुस्तक २०२० ले मानव अधिकारमैत्री कार्ययोजना तथा नीति निर्माणमा सहयोगी बन्दै मानव अधिकारमैत्री स्थानीय तह बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु।

**नवराज ओझा**
अध्यक्ष, रूपा गाउँपालिका, कास्की

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले तीनै तहका सरकारलाई मानव अधिकार रक्षाका लागि वार्षिक कार्ययोजना बनाउन र मानव अधिकार उल्लङ्घनका घटना नियन्त्रण गर्न, पीडितलाई न्याय दिलाउन र दोषीलाई कारबाहीको दायरामा ल्याउनसमेत सहयोग पुऱ्याउँदै आएको छ।

**रामप्रसाद तिमिल्सिना**, सचिव, नेपाल पत्रकार महासङ्घ, कास्की

इन्सेकले नेपाली समाज रूपान्तरणमा आफ्नो स्थापनाकालदेखि नै महत्त्वपूर्ण भूमिका खेल्दै आएको सर्वविदितै छ। समाजमा विद्यमान कुरीति, कुसंस्कार, यथास्थितिवादी सोचका कारण उत्पन्न समस्या समाधानका लागि अहोरात्र प्रयास गरिरहेको महसुस हुन्छ। जसको महत्त्वपूर्ण पक्ष भनेको नेपाल मानव अधिकार वर्ष पुस्तक हो।

**विष्णु बराल**, संयोजक,
शान्तिका लागि नागरिक समाजको सञ्जाल, कास्की

इन्सेकले देशभरको दूरदराजमा भएका मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरी नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत प्रकाशन गर्दै आएको छ। वर्ष पुस्तकमा प्रकाशित तथ्याङ्कले हामी कहाँ छौँ र हाम्रो भावी रणनीति के हुने भन्नेबारे तुलनात्मक अध्ययन गरी जरैबाट हिंसा अन्त्य गर्न जीवन रक्तका रूपमा काम गरेको छ।

**डा. जानकी तुलाधर**, अधिवक्ता, प्रदेश विकास सदस्य, गण्डकी प्रदेश

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक प्रमुख जिल्ला अधिकारी

भएदेखि नै अध्ययन गरिराखेको छु । पुस्तकले लोकतन्त्रमा नागरिकको मानव अधिकारको अवस्था चित्रित गर्ने गरेको छ । साथै सामाजिक समस्या र सुरक्षाबारे निर्णय गर्दा मानव अधिकारका विषयमा गम्भीर हुनका लागिसमेत यो पुस्तक सहयोगी छ।

**रामबहादुर कुरुम्वाङ**
प्रमुख जिल्ला अधिकारी, स्याङ्जा

इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर देशको समग्र मानव अधिकारबारे यथार्थ जानकारी दिन गरेको प्रयास सराहनीय छ । ७७ वटै जिल्लामा भएका वर्षभरका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना एउटै पुस्तकमा हेर्न पाउनु निकै राम्रो हो।

**ज्ञाननाथ ढकाल**
प्रमुख जिल्ला अधिकारी, म्याग्दी

इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना समेट्ने जुन प्रयास छ त्यो आफैँमा राम्रो अनि चुनौतीपूर्ण कार्य पनि हो। जति भएको छ त्यो उत्कृष्ट छ।

**शकुन्तला सापकोटा**
सदस्य, मानव अधिकार तथा शान्ति समाज, म्याग्दी

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालमा मानव अधिकारको वास्तविक अवस्था देखाउने एक महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ । विगतका वर्षहरूमा पुस्तकमा समावेश भएका विषय र त्यसले न्यायिक प्रक्रियामा पुऱ्याएको सहयोगले यो कुरालाई थप पुष्टि गर्छ।

**गणेशप्रसाद सापकोटा**
अध्यक्ष, जिल्ला बार एशोसिएशन, नवलपुर

वर्ष पुस्तकका लागि सङ्‌कलन गरिने मानव अधिकार उल्लङ्घन र ज्यादतीका विषयमा केही सुधार तथा थप गर्नु आवश्यक देख्छु । वास्तविक न्याय प्रक्रियामा पुग्न नसकेका, स्थानीय स्तरमा दबाइएका विषयलाई प्राथमिकतामा राख्न आवश्यक छ।

**विष्णुकुमार कार्की**
प्रमुख जिल्ला अधिकारी, नवलपरासी (बर्दघाट सुस्तापूर्व)

वर्ष पुस्तकलाई देशको समग्र मानव अधिकारको अवस्थाबारे जानकारी दिने महत्त्वपूर्ण दस्तावेजका रूपमा मैले लिएको छु। यति लामो समय निरन्तर वर्ष पुस्तक निकाल्नु निकै चुनौतीपूर्ण काम हो।

**भूपेन्द्र खनाल**
अध्यक्ष, मानव अधिकार सञ्जाल, नवलपुर

वर्ष पुस्तकको माध्यमबाट जिल्लामा भएका मानव अधिकार अवस्थाको अभिलेखीकरणका सवालमा इन्सेकले खेलेको भूमिका निकै उदाहरणीय छ।

**मोहनप्रसाद पोखरेल**, एसपी, जिल्ला प्रहरी कार्यालय, नवलपरासी (बर्दघाट सुस्तापूर्व)

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक सत्य तथ्यमा आधारित छ। यसको गरिमा बढ्दै गएको महसुस भएको छ।

**जगतबहादुर भण्डारी**
स्रेस्तेदार, जिल्ला अदालत, लमजुङ

मानव अधिकार वर्ष पुस्तकमा छापिने घटनाहरू मानव अधिकारमैत्री होस् भन्ने चाहन्छु। घटनाहरूको सहि अध्ययन र अवलोकन गरेका विषयमात्र पुस्तकमा समावेश गरिनुपर्छ।

**रवीन्द्रमान गुरुङ**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, लमजुङ

इन्सेक मानव अधिकारको क्षेत्रमा काम गर्ने राम्रो पहिचान बनाएको संस्था हो। यसले गरेको काम सत्य र तथ्यमा आधारित हुन्छ। संस्थाले यो विश्वासलाई निरन्तरता दिन सकोस्।

**लक्ष्मणबहादुर खड्का**
प्रमुख जिल्ला अधिकारी, लमजुङ

इन्सेकले देशको समग्र मानव अधिकारसम्बन्धी यथार्थ जानकारी गराउन थालेको कदम तथा प्रयत्न सराहनीय देखिन्छ । वर्षभरिका घटना तथा मानव अधिकार संरक्षण र हननका विषयलाई केलाएर प्रकाशन गर्नु प्रशंसनीय कदम हो।

**ओमप्रसाद अधिकारी**
एसपी, जिल्ला प्रहरी कार्यालय, गोरखा

वर्ष पुस्तकमा प्रकाशन गर्नेमध्ये कुन घटना मानव अधिकार उल्लङ्घनका हुन् र कुन आपराधिक हुन् भन्ने पहिचान गर्नुपर्छ। यसमा राजनीतिकबाहेक आर्थिक, विकास आदिका कुरा पनि आउनु राम्रो हुन्छ।

**यादव शर्मा**
अध्यक्ष, नेपाल बार एशोसिएशन, गोरखा

इन्सेकले निकाल्ने वर्ष पुस्तकमा यसअघि समेटिँदै आएका विषयवस्तुका अतिरिक्त घटनाका कारण र समाधानका विषय पनि समेट्न सके अझ राम्रो हुने थियो। अहिले यो पुस्तकप्रति मानव अधिकारका क्षेत्रमा क्रियाशील र यस सवालमा रुचि राख्नेहरूको अलि बढी चासो देखिन्छ।

**किरण लोहनी**, पत्रकार, गोरखा

इन्सेकको मानव अधिकार संरक्षणप्रतिको अभियान सराहनीय छ। मानवको स्वतन्त्रपूर्वक बाँच्न र जीवन यापन गर्ने, व्यवसाय गर्न पाउने प्राकृतिक तथा नैसर्गिक अधिकार संरक्षण र संवर्द्धन गर्न एवं अतिक्रमण रोक्न यस पुस्तकमा समावेश भएका सामग्री प्रशंसनीय छन्।

**छविलाल सुवेदी**
सहायक प्रमुख जिल्ला अधिकारी, पर्वत

पछिल्लो समयमा बिनापुर्जी विभिन्न अधिकार कुण्ठित गरेर मानव अधिकार हननको काम भइरहेको छ। यस सम्बन्धमा आर्थिक, राजनीतिक तथा सांस्कृतिक अधिकारसँगै मौलिक हकलाई आमसर्वसाधारणले सहजरूपमा उपयोग गर्न पाउने अधिकार प्राप्तिमा इन्सेकको ध्यान जानुपर्छ।

**चन्द्रबहादुर क्षेत्री**
अध्यक्ष, बार एकाइ, पर्वत

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकबाट नेपालको मानव अधिकारप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता र मानव अधिकारको वर्तमान स्थितिबारे बृहत् जानकारी प्राप्त भएको महसुस हुन्छ।

**राजेन्द्र पहाडी**
पूर्व संयोजक, नागरिक समाज, पर्वत

मानव अधिकार उल्लङ्घनका घटनालाई दस्तावेजीकरण गरेर भविष्यमा मानव अधिकारको अवस्था बुझ्न खोज्नेका लागि इन्सेक पुस्तकालय नै बनेको छ। तथ्याङ्क बटुल्नेमात्र नभएर कार्यान्वयनमा पनि क्रियाशील हुन सके अझै राम्रो हुन्थ्यो।

**केदारनाथ शर्मा**
अध्यक्ष, उद्योग वाणिज्य सङ्घ, पर्वत

मानव अधिकार वर्ष पुस्तकले वर्षभरिको राष्ट्रको समग्र मानव अधिकार स्थितिबारे पुस्तकमा लिपिबद्ध गरी सबैलाई सुसूचित हुने अवसर प्रदान गर्दै आएको छ। मानव अधिकार संरक्षणमा यस पुस्तकको योगदान त्यसैले महत्त्वपूर्ण छ। नागरिकका मानव अधिकारको संरक्षण र संवर्द्धनमा प्रकाशोन्मुख पुस्तकले थप योगदान पुर्‍याउन सकोस्।

**रुद्रप्रसाद पण्डित**
प्रमुख जिल्ला अधिकारी, तनहुँ

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनामा पीडितको सङ्ख्या एकीन गर्न, पीडितलाई न्याय दिलाउन, आमनागरिकलाई मानव अधिकारप्रति सचेत, सजग र जागरुक बनाउने तथा मानव अधिकारकर्मी एवं मानव अधिकार हनन गर्न सक्ने निकायलाई मानव अधिकार संरक्षण गर्नसमेत प्रेरित गरेको छ।

**विनोद सिलवाल**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, तनहुँ

इन्सेकले तयार गर्ने मानव अधिकार वर्ष पुस्तक राजनीतिक पार्टीलाई पनि आफ्ना बैठकहरूमा छलफल गर्ने आधार हुनेछ भन्ने विश्वास लिएको छु। यो पुस्तकले जिल्लाको मानव अधिकारको अवस्थाबारे प्रस्ट पार्छ।

**राजेन्द्रकेशरी न्यौपान**
सचिव, नेपाल कम्युनिष्ट पर्टी (नेकपा), तनहुँ

मानव अधिकार सबैको सरोकारको विषय हो। इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक झन् पत्रकारका लागि त अति महत्त्वको विषय हो। त्यसैले यसबारे समाचार तयार पार्न पत्रकारलाई पनि सहयोग पुगेको छ।

**ओमकार आचार्य**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, तनहुँ

लामो समयदेखि मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था इन्सेकले मानव अधिकार वर्ष पुस्तकमार्फत वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै आएको छ। यो निकै सराहनीय कार्य हो। यो पुस्तक मानव अधिकार विषयमा एउटा राम्रो दस्तावेज हो।

**मीरा मरासिनी**
उपप्रमुख, जिल्ला समन्वय समिति, पाल्पा

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले समग्र जिल्लाको मानव अधिकार अवस्थाको राम्रो चित्रण गर्ने गरेको पाएको छु। जिल्लास्तरमा हुने समीक्षा कार्यक्रमका बेलासमेत जिल्लाका समसामयिक विषयमा गहनरूपमा छलफल हुने गरेका छन्।

**उमेशकुमार ढकाल्**
प्रमुख जिल्ला अधिकारी, पाल्पा

जिल्लाको मानव अधिकार अवस्थाबारे छलफल गर्नुपर्दा सबैभन्दा पहिलो इन्सेक संस्था र यसले प्रकाशन गर्ने वर्ष पुस्तकको नाम आउने गर्छ।

**भेषराज तिमिल्सिना**
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, पाल्पा

मानव अधिकारको सन्दर्भमा इन्सेकले लामो समयदेखि काम गरिरहेको छ। देशभर हुने मानव अधिकार उल्लङ्घनका घटना र त्यसमा सरोकारवालाले गरेका पहल र कमजोरी समेटेर प्रकाशन हुनु रचनात्मक

कार्य नै हो। यसले गर्दा वर्षभर मानव अधिकारको पक्षमा के गरिएछ त ? वा जान/अन्जानमा मानव अधिकार उल्लङ्घनका घटनामा के कमजोरी भए भन्ने समीक्षा गर्ने अवसर दिएको छ वर्ष पुस्तकले।

**गोविन्दप्रसाद रिजाल**
प्रमुख जिल्ला अधिकारी, दाङ

इन्सेकद्वारा प्रकाशन गरिने मानव अधिकार वर्ष पुस्तक देशको मानव अधिकारको अवस्था देखाउने ऐना हो। मानव अधिकार उल्लङ्घन वा हनन कहाँ के भए भन्ने कुरा एकमुष्ट तस्बिर देखाउने काम वर्ष पुस्तकले गरेको छ।

**सावित्रा राना**
कोषाध्यक्ष, नेपाली कांग्रेस, दाङ

वर्ष पुस्तक झ्वाट्ट हेर्दा नकारात्मक घटनाहरूको सङ्गालोजस्तो देखिए पनि मानव अधिकारका लागि सकारात्मक सन्देश सँगै बोकेर ल्याउने काम गरेको छ।

**मणिराज आचार्य (मौसम)**
उपाध्यक्ष, जिल्ला बार एकाइ, दाङ

मानव अधिकार हननका घटना सङ्कलन, सम्पादन तथा प्रकाशन आफैँमा चुनौतीपूर्ण विषय हो। इन्सेकको यस कार्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमै विश्वसनीयता हासिल गरेको छ।

**विष्णुप्रसाद तिमिल्सिना**
अध्यक्ष, गैसस महासङ्घ नेपाल, बर्दिया

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घनका घटनाको तथ्याङ्क छर्लङ्क पार्ने एउटा दस्तावेज हो। जसको अध्ययनले गाउँ, जिल्ला र राष्ट्रिय विवरण जान्न र बुझ्न सकिन्छ।

**लक्ष्मी नेपाल**
सचिव, बर्दिया जिल्ला अदालत बार एशोसिएशन

मानव अधिकार गर्भदेखि चिहानसम्म जोडिने भएकाले यसको प्रत्याभूतिका लागि सरोकार सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्छ। इन्सेकले सङ्कलन गरेको घटना नेपाल मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित विवरण र तथ्याङ्कले मानव अधिकार अवस्था चित्रण गरेको हुन्छ।

**प्रेमलाल लामिछाने**, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, बर्दिया

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालकै उत्कृष्ट मानव अधिकार सङ्गालो हो। यसले नेपालको मानव अधिकारका घटना/परिघटना सबै ऐना जस्तै छर्लङ्ग पार्ने गर्छ। यो पुस्तक मानव अधिकारकै एउटा बलियो र विश्वसनीय दस्तावेज पनि हो।

**बालकृष्ण वली**
संयोजक, बर्दिया नागरिक समाज सञ्जाल, बर्दिया

नेपाल मानव अधिकार पुस्तक मानव अधिकार क्षेत्रका लागि ऐतिहासिक दस्तावेजका रूपमा स्थापित छ। नेपालमा कानुनले पनि रोक्न नसकिरहेको बाल विवाह जस्ता घटनालाई प्राथमिकता दिनुपर्ला।

**राजेन्द्रप्रसाद धिताल**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बर्दिया

इन्सेकले नेपालभर भएका मानव अधिकार उल्लङ्घन र तथ्य सङ्कलन गरी नेपाल मानव अधिकार वर्ष पुस्तकको प्रतिवेदन प्रकाशन गर्दै आइरहेको कार्य अति उत्तम छ। यसबाट नेपालको मानव अधिकार अवस्थाको जानकारी सबै नेपालीले पाउने गरेका छन्।

**राजेशनाथ बास्तोला**
एसपी, जिल्ला प्रहरी कार्यालय, बर्दिया

मानव अधिकार रक्षाको क्षेत्रमा इन्सेकले काम गर्न अपनाएको शैली र तरिका विश्वसनीय तथा भरपर्दो छ। घरेलु हिंसाका घटनाहरू, जो न्यायिक प्रक्रियामा आउन सकेका छैनन्, त्यस्तालाई खोजबिन गरी समेट्नुपर्ने देखिन्छ।

**मिथिला फुयाल**
संयोजक, अन्तर्पार्टी महिला सञ्जाल, बर्दिया

मानव अधिकारबिना मानवीय मर्यादा, मानवीय मूल्य, मान्यता र सम्पूर्ण मानव सभ्यताको संरक्षण हुन नसक्ने यथार्थलाई महसुस गरी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा मानव अधिकार संरक्षणका लागि विभिन्न कदम चालिँदै आएका छन्। इन्सेकले वार्षिकरूपमा मानव अधिकार पालना भए/नभएको विषयमा वर्ष पुस्तक प्रकाशन गरेर यस विषयमा अध्ययन/अनुसन्धान गर्नेलाई निकै सहयोग पुऱ्याएको छ।

**भरतकुमार शर्मा**, सहायक प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय, रूपन्देही

मानव अधिकारसम्बन्धी व्याख्या र प्रतिक्रियाहरूबारे जानकारी नहुँदा धेरै नागरिक यसबाट वञ्चित हुने गर्छन्। यस्तो सन्दर्भमा इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण एवं संवर्द्धनका लागि महत्त्वपूर्ण स्थान राख्दै आएको छ।

**हेमबहादुर थापा**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, रूपन्देही

इन्सेकले लामो समयदेखि प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक समग्र नेपालको मानव अधिकार क्षेत्रको साझा दस्तावेज बन्दै आएको छ। खासगरी अधिकारमुखी अभियानमा इन्सेकले जुनखालको नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ, यो दक्षिण एसियामै सराहनीय छ।

**बाबुराम पन्थी**, अध्यक्ष, नेकपा बुटवल उपमहानगरपालिका कमिटी

इन्सेक मानव अधिकारको क्षेत्रमा काम गर्ने र अभिलेखीकरण गर्ने महत्त्वपूर्ण संस्था हो। इन्सेकको मानव अधिकारप्रतिको सोच र कार्यलाई नेपाली कङ्ग्रेस सम्मान गर्न चाहन्छ। यसले गरेका हरेक कार्य सूचनामूलक र जानकारीमूलक भएका मैले अनुभूत गरेको छु। यसले गर्ने अभिलेखीकरणले राज्यलाई नै सहयोग गरेको छ।

**खेलराज पाण्डे**
नगर सभापति नेका, बुटवल उपमहानगरपालिका

आज मानव अधिकारको विषयलाई देखाउने र लेखाउने विषयमात्र नभई जनताले प्रत्यक्ष अनुभूत गर्न सक्ने विषयमा रूपान्तरण गर्न जरुरी छ। मानव अधिकारप्रतिको बुझाइमा एकरूपता ल्याउन र समाजमा सकारात्मक सामाजिक रूपान्तरणका लागि मानव अधिकार शिक्षा प्रचार/प्रसारमा इन्सेकको भूमिका सान्दर्भिक छ।

**सम्झना शर्मा**, निर्देशक, राष्ट्रिय मानव अधिकार आयोग प्रदेश ५ कार्यालय, बुटवल

मानव अधिकारका क्षेत्रमा क्रियाशील इन्सेकले सन् १९९२ देखि नियमितरूपमा प्रकाशित गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको रक्षा र सम्मानका क्षेत्रमा महत्त्वपुर्ण योगदान पुऱ्याएको छ। आगामी अङ्क अझै परिष्कृतरूपमा आउने अपेक्षा छ।

**शिवप्रसाद गौडेल**, अधिवक्ता, संयोजक एड्भोकेसी फोरम नेपाल, रूपन्देही

देशभर भएका मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेख राख्नु आफैँमा महत्त्वपूर्ण कुरा हो। इन्सेकले वर्ष पुस्तकमार्फत मानव अधिकार सम्बन्धमा सरोकारवालालाई सजग गराउने काम गरेको छ।

**चित्रबहादुर गुरुङ**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, रोल्पा

इन्सेकले मानव अधिकार हननको अभिलेखीकरण गर्ने कार्यले मानव अधिकार संरक्षण र प्रवर्द्धनमा धेरै हदसम्म सफलता प्राप्त गरेको छ। स्वतन्त्रपूर्वक बोल्न, लेख्न र अभिव्यक्त गर्न पाउने अधिकारमाथि अङ्कुश लगाउनेखालका गतिविधिविरुद्ध पनि इन्सेकको दृष्टि परोस्।

**महेश न्यौपाने**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, रोल्पा

हरेक वर्ष इन्सेकले देशभरको मानव अधिकार उल्लङ्घनका घटना समावेश गरेर सार्वजनिक गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक निकै उपयोगी लाग्छ।

**पूर्ण केसी**
नगर प्रमुख, रोल्पा नगरपालिका, रोल्पा

मानव अधिकार अन्तर्राष्ट्रिय कानुन, देशको मूल कानुन, समाज र संस्कृतिसापेक्ष हुन्छ। यो अधिकार प्राथमिकताका आधारमा निरन्तर चल्ने प्रक्रिया हो। वर्ष पुस्तकले मानव अधिकार घटनाको देशभरिको एकैसाथ यथार्थ चित्रण गरेको पाइन्छ। मानव अधिकार संरक्षणमा राजनीतिक दल, उद्योगी, व्यापारी, पत्रकार र नागरिक समाजलगायत सबैको दायित्व रहने भएको हुँदा सबैजना यसप्रति तत्पर हुनुपर्छ।

**मोहनप्रसाद अर्याल**
प्रमुख जिल्ला अधिकारी, रुकुम (पूर्व)

मानव अधिकार उल्लङ्घनका घटनाबारे जानकारी दिन्छ वर्ष पुस्तकले। यस्ता कुरा थाहा पाउनु नागरिकको हक अधिकार नै हो। त्यसैले यस्तो सूचना दिने वर्ष पुस्तक अत्यन्तै खोजमूलक र अनुसन्धानमूलक भएको पाएको छु।

**सुशीलकुमार यादव**
स्रेस्तेदार, जिल्ला अदालत, रुकुम (पूर्व)

मानव अधिकार वर्ष पुस्तक मूलतः मानव अधिकार उल्लङ्घनका घटनाको गहिरो अध्ययनसहितको दस्तावेज हो। यस पुस्तकमा मानव अधिकारसँग सम्बन्धित धेरै क्षेत्रको अध्ययन र विश्लेषण गरिएकाले सम्बन्धित सबैमा आफ्नो कर्तव्य र भूमिका निर्वाह गर्न तथा दायित्व बोध गर्न सकारात्मक दबाब सिर्जना गर्छ।

**दामोदर गौतम**
अध्यक्ष, जिल्ला बार एशोसिएशन, रुकुम (पूर्व)

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकमा वर्षभरका मानव अधिकारका क्षेत्रमा भएका घटनाको अभिलेखीकरण हुन्छ। जसले जिल्लाको मानव अधिकार अवस्थाबारे सूचना दिन्छ। यसबाट जिल्लामा शान्ति सुव्यवस्था कायम गर्न एवं

मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा समेत सहयोग पुगिरहेको छ।

**शम्भुप्रसाद मरासिनी**, प्रमुख जिल्ला अधिकारी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

मानिसको सबैभन्दा महत्त्वपूर्ण र नैसर्गिक मानव अधिकार उल्लङ्घनका विषयमा सत्य तथ्य विवरण प्रकाशित गर्ने कार्यले निरन्तरता पाओस्।

**ध्रुवकुमार शाह**
जिल्ला न्यायाधीश, नवलपरासी जिल्ला अदालत

इन्सेकद्वारा प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको संरक्षण र संवर्धनमा ठूलो योगदान दिएको छ। मानव अधिकारको संरक्षणमा राज्य पक्ष र नागरिक पक्ष दुवै उत्तिकै जिम्मेवार छन्। घटनाबारे सत्य तथ्य विवरण सङ्कलन गर्न विभिन्न गाउँका बस्तीमा पुग्नुपर्ने आवश्यकता देखिन्छ।

**लालमणि आचार्य**
एसपी, जिल्ला प्रहरी कार्यालय

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने वर्ष पुस्तकले मानव अधिकारको अवस्थालाई तथ्यपरक ढङ्गले चित्रणमात्र गरेको छैन, इन्सेकको उक्त कार्यले मानव अधिकार संरक्षण र संवर्धन गर्ने कार्यका लागि सबै सरोकारवालाको ध्यानाकर्षणसमेत गराउँदै आएको छ।

**सुनिल श्रेष्ठ**
उपाध्यक्ष, नेपाल बार एशोसिएशन

मानिसलाई मानिस भएबापत प्राप्त हुनुपर्ने र राज्यद्वारा संरक्षण र प्रवर्धन गरिनुपर्ने व्यक्तिको मानव अधिकार उल्लङ्घन गर्ने पक्षबाट भएका कमजोरीलाई तुलनात्मक विश्लेषण गर्ने वर्ष पुस्तकले सबैलाई सतर्क गराउने गरेको छ। यसबाट मानव अधिकार अभियन्ता, विद्यार्थी, शिक्षक, शोधकर्ता सबैलाई फाइदा छ।

**वीरबहादुर वली**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बाँके

इन्सेकले मानव अधिकारको क्षेत्रमा उठाएको आवाज र संरक्षणका लागि खेलेको भूमिका सराहनीय छ। वर्षदिनभर भएका मानव अधिकार उल्लङ्घनका घटनालाई प्रतिनिधिमूलक ढङ्गले अभिलेखीकरण गरी वर्ष पुस्तकका रूपमा प्रकाशन गर्दै आएको कार्यलाई निरन्तरता दिनुपर्छ।

**चन्द्रकान्त चापागाईं**
प्रमुख, रा.मा.अ.आ. प्रदेश नं. ५ शाखा कार्यालय, नेपालगन्ज

संविधानमा व्यवस्था भएका अधिकारको पूर्ण प्रत्याभूति आमनागरिकले अझै गर्न नपाएको अवस्थामा त्यस्ता मुद्दा इन्सेकले उठाएर सरकारलाई खबरदारी गर्दै आएकामा अत्यन्तै खुशी लागेको छ।

**कृष्णशरण लामिछाने**
स्रेष्तेदार, जिल्ला अदालत, गुल्मी

इन्सेकले मानव अधिकार प्रवर्द्धन र संरक्षणका क्षेत्रमा गर्दै आएको कार्य निकै प्रशंसनीय छ। इन्सेकका गतिविधि स्थानीय तहसम्म पुग्नुपर्छ।

**विनोद पाण्डेय**, अधिवक्ता, गुल्मी

मानव अधिकार रक्षाको क्षेत्रमा इन्सेकले काम गर्न अपनाएको शैली र तरिका विश्वसनीय तथा भरपर्दो छ। यसले दूरदराजका पीडितलाई न्यायको बाटोमा डोऱ्याउने काम गरेको छ।

**पदमप्रसाद पाण्डेय**, अध्यक्ष, नागरिक समाज

वर्ष पुस्तक देशको मानव अधिकारको ऐना हो। यो देशको सन्दर्भअनुसार परिमार्जन हुँदै आएको पनि छ। यसमा समेटिने हरेक घटना यथार्थ र सत्य छन्।

**गणेश श्रेष्ठ**, मानव अधिकार अधिकृत
सिर्जनशील सामुदायिक विकास केन्द्र, गुल्मी

वर्ष पुस्तकमा आएका घटना सत्य, तथ्य र विश्वसनीय छन्। यो पुस्तक हिजोका द्वन्द्वकालीन घटनाको प्रमाणका रूपमा पनि प्रयोग हुने हुँदा यसको महत्त्व राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमै छ।

**जगन्नाथ लामिछाने**
जिल्ला समन्वय समिति, कपिलवस्तु

अघिल्लो वर्ष आएका घटनाका कतिपय दोषीले छुटकारा पाएका हुन सक्छन्। तर पुस्तकमा सधैँभरि नाम रहन्छ। त्यसैले घटना प्रकाशन गर्दा अद्यावधिक गर्नु उचित हुन्छ।

**रमेश पोखरेल**
निमित्त सरकारी वकिल कपिलवस्तु

इन्सेकले मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरी प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक पत्रकार तथा मानव अधिकारकर्मीका लागि सूचनाको महत्त्वपूर्ण आधार बन्दै आएको छ।

**महावीर राना**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, प्युठान

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनामा राज्य, गैरराज्य तथा आमनागरिकलाई समेत जिम्मेवार बनाउन मद्दत गरेको छ। यसमा आर्थिक,

सामाजिक, सांस्कृतिक र खाद्य अधिकार पनि समेट्नुपर्छ।

**हरिप्रसाद घिमिरे**, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, अर्घाखाँची

मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकलाई नेपालको मानव अधिकार अवस्था झल्काउने ऐतिहासिक दस्तावेजका रूपमा लिएको छु। यस पुस्तकमा प्रकाशित सामग्री निकै पठनयोग्य छन्।

**ठाकुरकुमार बिक**, उपप्रमुख, सन्धिखर्क नगरपालिका, अर्घाखाँची

नेपाल मानव अधिकार वर्ष पुस्तकलाई एक महत्त्वपूर्ण दस्तावेजका रूपमा लिएको छु। यस पुस्तकमा समावेश भएका विषयवस्तु निकै राम्रा र पठनीय छन्। प्रत्येक वर्ष समयमै पुस्तक प्रकाशन गर्नु महत्त्वपूर्ण कार्य हो।

**हिमबहादुर जिसी लेकाली**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, अर्घाखाँची

मानव अधिकार वर्ष पुस्तकले मानिस भएर जन्म लिएपश्चात मानवका नाताले उपभोग गर्न पाउने मानिसका विभिन्न मानव अधिकार नेपालमा कुन कुन पक्षबाट कसरी हनन भएको छ भन्ने उजागर गर्ने गरेको छ । यसरी सम्बन्धित पक्षलाई मानव अधिकारको सम्मान गर्न अभिप्रेरित गरेको मैले महसुस मैले गरेकी छु।

**सावित्रा बस्नेत**, उपप्रमुख तथा न्यायिक समिति संयोजक, शारदा नगरपालिका, सल्यान

नेपालमा मानव अधिकार संरक्षण एवं प्रवर्द्धनका लागि अग्रणी भूमिका निर्वाह गर्दै आएको इन्सेकले लामो समयदेखि मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ । यसमा नेपालको मानव अधिकारको अवस्था तथ्यगतरूपमा प्रस्तुत हुने हुँदा आमनागरिक र सरोकारवालामा मानव अधिकारका विषयमा सरोकार एवं चासो बढ्दै गएको छ।

**चुडाराज न्यौपाने**
प्रमुख जिल्ला अधिकारी, सल्यान

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले महिला, बालबालिका तथा पिछडिएका वर्गले भोगेका हिंसा र ज्यादतीका कुरा उठाउने गरेको छ। मानव अधिकार क्षेत्रमा इन्सेकको अथक प्रयासको उच्च प्रशंसा गर्छु।

**ढकेन्द्र खतिवडा**, डिएसपी, सल्यान

इन्सेकद्वारा हरेक वर्ष प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले नेपालमा मानव अधिकारको अवस्था यथार्थ चित्रण गर्ने गरेको छ। वर्ष पुस्तकमा उपलब्ध हुने तथ्य, तथ्याङ्क यथासम्भव स्थानीय तह, वर्गीय, भौगोलिकसहितको विविधतामा आधारित रहेर मानव अधिकार प्रवर्द्धनमा सबै निकायलाई सचेत बनाउन र प्रभावकारी नीति निर्माणमा सहयोगी हुनेछ भन्ने आशा गरेको छु।

**नवीनकुमार जोशी**,
न्यायाधीश, जिल्ला अदालत, अछाम

मानव अधिकार र सामाजिक रूपान्तरणमा इन्सेकको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ। मानव अधिकारको संरक्षण र ग्यारेन्टीबिना कानुनी राज्यको अनुभूति नहुने भएकाले मानव अधिकारमैत्री कानुन निर्माण, कानुनको परिपालना, कार्यान्वयन र जवाफेहितालाई प्राथमिकतामा राख्न आवश्यक छ।

**चन्द्रबहादुर बोहरा**, सदस्य, नेकपा, अछाम

राज्यका निकायलाई जवाफफेही बनाउन इन्सेकले खेलेको भूमिका सराहनीय छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको अवस्था चित्रण गर्नुका साथै राज्यलाई जिम्मेवार र जवाफदेही बनाउन सहयोग गरेको छ।

**कृष्णप्रसाद ढुङ्गाना**
अध्यक्ष, नेपाल बार एशोसिएशन, अछाम

मानव अधिकारका दृष्टिकोणले नेपाल मानव अधिकार वर्ष पुस्तक तथ्य/तथ्याङ्कसहितको दस्तावेज हो। वर्ष पुस्तकले राज्यका हरेक निकायलाई जिम्मेवार र जवाफदेही बनाएको मैले महसुस गरेको छु।

**टेकबहादुर थापा**
कोषाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, अछाम

मानव अधिकार संरक्षणमा इन्सेकले गरेको पहलबाट मानव अधिकार उल्लङ्घनका पीडितलाई राहत पुऱ्याएको छ । न्यायिक निकायसम्म आउन नसकेका मानव अधिकार उल्लङ्घनका विषय पनि इन्सेकले आफ्नो प्रतिवेदनमा समावेश गर्न आवश्यक छ। मानव अधिकार हननका हरेक विषयलाई सारांशकै रूपमा भए पनि वर्ष पुस्तकमा स्थान दिनुपर्छ।

**ईश्वरीप्रसाद भण्डारी**
न्यायाधीश, जिल्ला अदालत, बैतडी

सङ्गठितरूपमा गरिने मानव अधिकार हनन ज्यादै निन्दनीय र दण्डनीय काम हो। यस्ता कार्यसँग सम्बन्धित घटना, तथ्याङ्क उजागर गर्नु, अभिलेख राख्नुलगायतका काम तुलनात्मकरूपले जटिल र संवेदनशील हुने गर्छ। यही जटिलता र संवेदनशीलता ख्याल गरेर प्रकाशन हुन लागेको मानव अधिकार वर्ष

पुस्तक २०२० ले बैतडीको वस्तुस्थिति उजागर गर्ने नै छ भन्ने विश्वास छ।

**आनन्द पौडेल**
प्रमुख जिल्ला अधिकारी, बैतडी

नेपाल मानव अधिकार वर्ष पुस्तक मुलुकमै भएका मानव अधिकार हननसँग सम्बन्धित विषय समेटेर प्रकाशित हुने हुँदा यसले सम्बन्धित पक्षलाई संवेदनशील भई कार्य गर्न मार्गनिर्देशन गरेको छ। यस पुस्तकले मानव अधिकारको अवस्थालाई प्राप्त तथ्यका आधारमा नजिकबाट नियाल्ने र धेरै हदसम्म वास्तविकताको चित्रण गर्ने हुँदा यस क्षेत्रमा इन्सेकले गरेको कार्य सराहनीय छ।

**डिल्लीनारायण पाण्डे**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बैतडी

इन्सेकले विगतदेखि नै मानव अधिकारका सवालमा वकालत र तथ्याङ्क सङ्कलन गर्दै आइरहेको छ। वर्तमान सन्दर्भमा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका सवाल र सुशासन, पारदर्शिता, जवाफदेहिताका विषयलाई वर्ष पुस्तकमा समेट्न आवश्यक छ।

**गोकर्ण दयाल**, पत्रकार, बैतडी

सबै नागरिकको मानव अधिकारको प्रत्याभूत गर्नु राज्यको प्रमुख दायित्व हो। यसका लागि ग्रामीण क्षेत्रका नागरिकलाई पनि सचेत बनाउन आवश्यक छ। संविधानमा उल्लिखित मौलिक हक कार्यान्वयनको विषयलाई पनि नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश गर्नुपर्छ।

**गोरखबहादुर चन्द**
अध्यक्ष, पञ्चेश्वर गाउँपालिका, बैतडी

मानव अधिकार हरेक नागरिकको आधारभूत अधिकार हो। मौलिक हकअन्तर्गत समावेश गरिएका हकहरू विशेषतः मानव जीवन यापनसँग अन्तरसम्बन्धित भएकाले यसको प्रत्याभूतिका लागि पहिलो दायित्व राज्यको हो। त्यसैले नागरिकलाई उनीहरूको दायित्व र अधिकारबारे सचेत तुल्याउन आवश्यक छ।

**भानदेव जोशी**
सहायक जिल्ला न्यायाधिवक्ता, बैतडी

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको समग्र पक्षलाई छर्लङ्ग पार्दै आएको छ। मानव अधिकारको साझा दस्तावेजका रुपमा रहेको यो पुस्तक प्रकाशन गर्नु आफैँमा चुनौतीपूर्ण र सराहनीय कार्य हो।

**दीपेन्द्रबहादुर शाही**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, दार्चुला

इन्सेकले लामो समयदेखि देशमा मानव अधिकारको क्षेत्रमा योगदान पुऱ्याउँदै आएको छ। खासगरी नेपाल मानव अधिकार वर्ष पुस्तकको नियमित प्रकाशनले समग्र देशभित्र वर्षभरमा मानव अधिकारको अवस्थाबारे स्पष्ट र तथ्यपरक जानकारी एकसाथ प्राप्त हुने अवसर मिलेको छ।

**कमलराज जोशी**
पत्रकार, एभिन्युज टेलिभिजन, दार्चुला

इन्सेकद्वारा प्रकाशन गरिने मानव अधिकार वर्ष पुस्तक हरेक वर्ष अध्ययन गर्ने गरेको छु। जिल्लाको समग्र मानव अधिकारको अवस्थाबारे निर्भीकरूपमा प्रकाशन गर्ने इन्सेकको काम सराहनीय छ।

**ज्ञानेन्द्र घर्ती**
नेपाल कम्युनिष्ट पार्टी (नेकपा), दार्चुला

मानवको स्वतन्त्रपूर्वक बाँच्न पाउने र व्यवसाय गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारहरूउपर भएका अतिक्रमणलाई न्यूनीकरण गर्ने र मानव अधिकार संरक्षण गर्ने कार्यमा मानव अधिकार वर्ष पुस्तकको उल्लेख्य योगदान छ।

**टेकनारायण पौडेल**
प्रमुख जिल्ला अधिकारी, डोटी

इन्सेकबाट निरन्तर प्रकाशित मानव अधिकार वर्ष पुस्तकले लामो समयदेखि मानव अधिकार ज्यादती तथा उल्लङ्घनका घटनालाई जस्ताको त्यस्तै समाजसामु उजागर गर्ने निरन्तर प्रयास गरेको छ। साथै पीडित पक्षको आवाज बुलन्द गर्ने काम पनि गरेको छ।

**दिलिपसिंह देउवा**
एसपी, जिल्ला प्रहरी कार्यालय, डोटी

इन्सेकले आफ्नो स्थापना कालदेखि नै मुलुकमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखन गर्ने उल्लेख्य भूमिका निर्वाह गर्दै आएको छ। मानव अधिकार वर्ष पुस्तकमार्फत तथ्य र तथ्याङ्कका आधारमा मुलुकको समग्र मानव अधिकार स्थिति सार्वजनिक गरेबाट सचेतना सँगै जिम्मेवार निकायलाई जबाफदेहीमा बनाइरहेको छ।

**पूर्णा जोशी**
सुदुरपश्चिम प्रदेश सभा सदस्य, डोटी

मानव अधिकार वर्ष पुस्तकले विगतदेखि वर्तमानसम्म देशको मानव अधिकार अवस्था छर्लङ्ग पार्ने प्रयास गरेको छ। मानव अधिकार उल्लङ्घनका घटना राम्रोसँग अभिलेखीकरण गर्नु सराहनीय काम भएको छ।

**शङ्करदीप मडै**, कार्यबाहक अध्यक्ष,
उच्च अदालत बार एशोसिएशन, दीपायल

मानव अधिकार संरक्षण संवर्द्धनमा टेवा पुऱ्याउँदै आएको अग्रणी संस्था इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको अवस्था चित्रण गर्ने तथ्यपरक दस्तावेज हो । मानव अधिकार उल्लङ्घनका घटना नजिकबाट अध्ययन गरेर तयार पारेको यस पुस्तकले नागरिकमा सचेतना फैलाएको छ।

**यज्ञराज बोहरा**
प्रमुख जिल्ला अधिकारी, कैलाली

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको यथार्थ चित्रण गर्ने कार्य गर्दै आएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक र राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदनमा एकरूपता हुन आवश्यक छ।

**भुवन गिरी**
स्रेस्तेदार, जिल्ला अदालत, कैलाली

मानव अधिकार वर्ष पुस्तकले राज्यको मुख्य अङ्गको रूपमा रहेको न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको काम, कर्तव्य, अधिकार र जिम्मेवारीबारे समेत अभिलेखीकरण गर्ने हुनाले सुशासनमा टेवा पुगेको र राज्यलाई जवाफदेही बनाएको छ।

**कुलानन्द उपाध्याय**
मुख्य न्यायाधिवक्ता, सुदूरपश्चिम प्रदेश

मानव अधिकार वर्ष पुस्तकमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका सवाललाई उठान गरिएको हुन्छ। यसमा आपराधिक घटनाको पनि तथ्याङ्क राख्न आवश्यक छ।

**सुदीप गिरी**
एसपी, जिल्ला प्रहरी कार्यालय, कैलाली

इन्सेकले मानव अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्दै आएको छ। राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारबारे स्थानीयदेखि प्रदेश सांसदसँग सहकार्य गर्दै आएका विषयलाई पनि व्यवस्थित अभिलेखीकरण गर्न आवश्यक छ।

**रतनबहादुर थापा**, अध्यक्ष, नेकपा, कैलाली

मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्थाबारे जानकारी दिनुका साथै मानव अधिकारको पालना गर्न सरोकारवालालाई सचेत गर्ने गरेको छ । मानव अधिकार अवस्था अध्ययन तथा अनुसन्धानका लागि पनि यो पुस्तक उपयोगी छ।

**फैरु तामाङ**
प्रमुख, जिल्ला समन्वय समिति, कञ्चनपुर

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन हुने गरेका छन् । यस पुस्तकले पीडितलाई राहत पुग्ने र मानव अधिकारका सवालमा आमजनतालाई सचेत गराउन महत्त्वपूर्ण भूमिका खेलेको छ।

**भवराज रेग्मी**
संयोजक, नागरिक समाज, कञ्चनपुर

वर्ष पुस्तकमा राखिएका मानव अधिकार उल्लङ्घन, ज्यादती र मानव अधिकार हननसम्बन्धी घटनाहरू तथ्यपरक बनाउन इन्सेकले तथ्य सङ्कलनमा मेहनत गर्ने गरेका कारण पुस्तकमा समेटिएका विषयवस्तु र घटना विश्वसनीय हुने गरेका छन् । यो पुस्तकलाई सबैको सहज पहुँचमा पुऱ्याउन आवश्यक छ।

**नरेश सिनाल**
अध्यक्ष, गैसस महासङ्घ, कञ्चनपुर

लामो समयदेखि इन्सेकले मानव अधिकारका क्षेत्रमा महत्त्वपूर्ण काम गर्दै आएको छ। वर्ष पुस्तकले सत्य/तथ्यमा आधारित भएर मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सङ्कलन र सम्प्रेषण गर्दै आएको छ । तर पछिल्लो समयमा जातीय विभेदका घटना समावेश हुन नसकेका अवस्था छ।

**रामबहादुर सार्की**
सहायक प्रमुख जिल्ला अधिकारी, बझाङ

इन्सेकले मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन तथा प्रकाशनका साथै समाजमा भइरहेका मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्न मानव अधिकार अभियान तथा सचेतनाका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ।

**पदमराज पाण्डे**
न्यायाधीश, जिल्ला अदालत, बझाङ

इन्सेकले वर्ष पुस्तकमा बझाङमा हुने गरेका छाउपडी प्रथा, बहुविवाह, बालविवाह, घरेलु हिंसा जस्ता घटना न्यूनीकरण गर्ने सामग्री राख्नुपर्छ । साथै जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्न आवश्यक छ।

**लवराज जोशी**
अध्यक्ष, गैसस महासङ्घ, बझाङ